२०७८ सालको ऐन नं. ३

नगरसभाबाट स्वीकृत मितिः २०७८।०३।१४

प्रमाणीकरण मिति : २०७८।०३।१५

# कपिलवस्तु नगरपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापन सम्वन्धी ऐन, २०७८

कपिलवस्तु नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

तौलिहवा,कपिलवस्तु

**२०७८**

# कपिलवस्तु नगरपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापनऐन, २०७८

**प्रस्तावना:** साविकको स्थानीय निकायमा सेवा प्रवेश गरी हालसम्म स्थानीय तहमा कार्यरत कर्मचारीहरुको तह मिलान, स्तरवृद्धि र वढुवा जस्ता वृति विकासका विषयमा देखिएको अस्पस्टता , जटिलता र असमानता हटाई स्थानीय तहमा कार्यरत कर्मचारीहरुको व्यवस्थापनलाई समान , न्यायोचित र एकिकृत गरी कर्मचारीहरुको मनोवल उच्च गराउन कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले समायोजन ऐन २०७५ को दफा २३ मा भएको व्यवस्था वमोजिम स्थानीय सरकार संचालन ऐनको दफा १०२ को उपदफा (१) बमोजिम कपिलवस्तु नगर सभाले यो ऐन वनाई लागु गरेको छ ।

**1. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नामः **कपिलवस्तु नगरपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापन सम्वन्धी ऐन ,** २०७८ हुनेछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**2. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा**

(क) "कर्मचारी" भन्नाले साविकको स्थानीय निकाय (जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समिति) मा स्थायी नियुक्त भई यो ऐन जारी हुँदाको वखतसम्म कपिलवस्तु नगरपालिकामा कार्यरत रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ ।

(ख) "समायोजन ऐन" भन्नाले संघीय सरकारबाट कर्मचारी समायोजनका लागि जारी भएको कर्मचारी समायोजन ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

(ग) "नगर सभा" भन्नाले कपिलवस्तु नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले कपिलवस्तु नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत " भन्नाले कपिलवस्तु नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) "स्थानीय तह" भन्नाले कपिलवस्तु नगरपालिकालाई सम्झनु पर्दछ ।

(छ) "न्युनतम शैक्षिक योग्यता " भन्नाले प्रचलित कानुन बमोजिम हाल कार्यरत पदमा सेवा प्रवेश गर्दा आवस्यक पर्ने न्युनतम शैक्षिक योग्यतालाई सम्झनु पर्छ ।

(ज) "कर्मचारी व्यवस्थापन" भन्नाले साविक स्थानीय निकायबाट स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८५ बमोजिम स्थानीय तह कपिलवस्तु नगरपालिकामा स्वत समायोजन भै तह मिलान नभएका स्थायी कर्मचारीहरुलाई दफा ४ बमोजिम हुने तह वृद्धि /स्तर वृद्धि/ग्रेड थप समेतलाई सम्झनु पर्दछ ।

3. **संगठन संरचना तथा कर्मचारी दरवन्दीः**

१. यस ऐन बमोजिम स्तरवृद्धि वा तहवृद्धि हुने कर्मचारीहरुको हकमा संगठन तथा संरचनाको अध्ययन भै नगर सभाले स्वीकृत नगरेसम्म स्वतः पुल दरवन्दीमा कायम रहनेछन ।

4. **तह मिलान सम्वन्धी व्यवस्थाः**

(१) स्थानीय सरकार संचालन ऐन, २०७४ जारी हुनु भन्दा अगाडि स्थानीय निकायको स्वीकृत दरवन्दीमा स्थायी नियुक्त भएका साविकका स्थानीय निकायका कर्मचारीहरुलाई यो ऐन जारी भएको मितिबाट जेष्ठता गणना हुने गरी एक पटकका लागि मात्र देहाय बमोजिम स्तरवृद्धि तह मिलान तथा ग्रेड वृद्धि गर्ने र यसरी तह मिलान तथा ग्रेड वृद्धिबाट थप हुने दायित्व नगरपालिकाबाट व्यहोर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सुविधा उपलब्ध गराउदा नियुक्ति , शैक्षिक योग्यता , सेवा अवधि र कार्यसम्पादन मुल्याङ्कन समेतका आधारमा गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको स्तरवृद्धि वा तह वृद्धि वा ग्रेड थप गर्दा पछिल्लो ३ वर्षको कार्यसम्पादन मुल्याङ्कनमा औषत न्यूनतम ९० प्रतिशत अंक प्राप्त गरेको हुनु पर्नेछ ।

(४) यो ऐन जारी भएको मिति सम्म स्थायी सेवा अवधि ५ वर्ष पुरा भएको हुनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको तहवृद्धि वा स्तरवृद्धि वा ग्रेड थप गर्दा देहायको मापदण्डको आधारमा गर्नु पर्नेछ ।

| सि.नं. | साविकको तह | स्तरवृद्धि,तह मिलान हुने तह | थप ग्रेड | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | श्रेणी विहिन | श्रेणी विहिन | २ | |
| २ | सहायकस्तर तेस्रो | सहायकस्तर चौथो | - | - |
| ३ | सहायकस्तर चौथो | सहायकस्तर पाँचौ | - | न्युनतम शैक्षिक योग्यता वा ५ वर्ष सेवा अवधि पुरा भएको |
| ४ | सहायकस्तर पाँचौ | अधिकृतस्तर छैठौ | - | न्युनतम शैक्षिक योग्यता वा ५ वर्ष सेवा अवधि पुरा भएको |
| ५ | अधिकृतस्तर छैठौ | अधिकृतस्तर सातौ | - | न्युनतम शैक्षिक योग्यता वा ५ वर्ष सेवा अवधि पुरा भएको |

5. **स्तरवृद्धि तह मिलानको पत्र दिनेः** (१) यस ऐन बमोजिम स्तरवृद्धि तह मिलान भए पश्चात स्थानीय तहका ईच्छुक कर्मचारीहरुलाई यो ऐन बमोजिमको सुविधा लिन ७ दिनको सूचना जारी गरिने छ । सो सूचना बमोजिम प्राप्त निवेदनमा यस ऐन बमोजिम को प्रावधान पुरा भएको पाइएमा प्रमुख प्रशासकीय अधिकृतले स्तरवृद्धि तह मिलान भएको पत्र दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम दिईने पत्र अनुसूची –१ बमोजिम हुनेछ ।

तह मिलान गरिनेः यस ऐन बमोजिम स्तरवृद्धि तह मिलान भए पश्चात नगरपालिकाले संगठन संरचना र दरवन्दी पुनरावलोकन गरी नगर सभाबाट संगठन संरचना स्वीकृत भए पछि पदस्थापना गर्ने र सो अवधि सम्म स्तरवृद्धि तह मिलान भएका कर्मचारीहरुलाई स्वत पुल दरवन्दीमा कायम गरिनेछ । यसरी स्तरवृद्धि भएका कर्मचारीले पुल दरवन्दीमा रहुन्जेल साविककै कामकाज गर्नुपर्नेछ ।

6. **स्तरवृद्धि तह मिलान भएका कर्मचारीहरुको सेवा सुविधाः** यस ऐन बमोजिम स्तरवृद्धि तह मिलान भएका स्थानीय तहका कर्मचारीहरुको तलव तथा अन्य सुविधा कानून बमोजिम हुनेछ ।
7. **जेष्ठता गणनाः** (१) स्तरवृद्धि तह मिलान भए पश्चात हुने पदको जेष्ठता तह मिलान भएको मितिदेखि गणना गरिनेछ ।
8. **सुविधा सम्वन्धीः** स्तरवृद्धि तह मिलान गर्दा साविकमा खाई पाई आएको तलव र हालको तहमा मिलान हुदाको तलव वरावर भएमा एक ग्रेड थप गरिने छ र हालको तह मिलान भए पछि तलव वढि भएमा जति वढि हुन आउछ सो रकम थप गरी एक ग्रेड थप हुनेछ।
9. **खारेजी र वचाउः** यो ऐन संविधान, संघीय कानून र प्रदेश कानून सँग बाझिएमा वाझिएको हदसम्म अमान्य हुनेछ ।

**अनुसूची १**
दफा ४ को उपदफा (२) सँग सम्वन्धित
**समायोजन तह मिलान/स्तरवृद्धि पत्र**

श्री ................... .........................

**विषयः स्तरवृद्धि तह मिलान गरिएको सम्वन्धमा ।**

कपिलवस्तु नगरपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापन ऐन, २०७८ बमोजिम मिति .................................. देखि जेष्ठता लागु हुने गरी तपाईलाई कपिलवस्तु नगरपालिकाको तपसिल बमोजिमको पदमा स्तरवृद्धि तह मिलान गरिएको छ । आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारितापूर्वक सम्पादन गर्नु हुनेछ । स्तरवृद्धि तह मिलान हुनु भएकोमा बधाई छ ।

| **साविकको विवरण** | **स्तरवृद्धि तह मिलान पछिको विवरण** |
|---|---|
| पद : | पदः |
| तह : | तहः |
| सेवाः | सेवा |
| समुह : | समुहः |

..................................
**प्रमुख प्रशासकीय अधिकृत**

**वोधार्थः**
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश, बुटवल ।
श्री प्रदेश लोकसेवा आयोग, बुटवल ।
श्री कर्मचारी संचय कोष, ठमेल ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर ।
श्री आर्थिक प्रशासन शाखा, कपिलवस्तु नगरपालिका ।